# प्रेस विज्ञप्ति
## चैत्र ३०, २०७८

**नयाँ वर्ष २०७९ सालको अवसरमा एन आई सी एशिया क्यापिटलमा निःशुल्क डिम्याट तथा मेरो शेयर खाता सुविधा सहित पहिलो वर्षको डिम्याट खाता नविकरण शुल्क छुट ।**

नयाँ वर्ष २०७९ सालको अवसरमा एन आई सी एशिया क्यापिटलले **"एक नेपाली, एक डिम्याट खाता"** अभियानलाई प्रभावकारी रुपमा देशव्यपी संचालन गर्ने मुख्य उद्देश्यका साथ एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया क्यापिटलको शाखा कार्यालयहरु, एन आई सी एशिया अनलाईन डिम्याट सेवा र एन आई सी एशिया बैंक लिमिटेडको सम्पूर्ण शाखा कार्यालयहरुबाट **मिति २०७९ साल बैशाख १ गतेदेखि मिति २०७९ साल आषाढ मसान्त**सम्म निःशुल्क रुपमा डिम्याट खाता तथा मेरो शेयर खाता खोलिदिने र पहिलो वर्षको डिम्याट खाता संचालन शुल्क छुट दिने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

क्यापिटलले विगतका वर्ष देखि नै **"एक नेपाली, एक डिम्याट"** खाता अभियान अन्तर्गत ग्राहकहरुलाई विभिन्न छुट सहित सहज, सरल र उच्च कोटिको ग्राहकमुखी सेवा उपलब्ध गराई रहेको छ । नयाँ वर्ष २०७९ सालको अवसरमा उक्त **"एक नेपाली, एक डिम्याट खाता"** सहित पूँजी बजार साक्षरता कार्यक्रमलाई देशव्यपी रुपमा संचालन गर्न लागिएको व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

यस सम्बन्धमा थप जानकारीको लागि क्यापिटलको मोवाईल नम्बरहरु ९८४७३४५०९९, ९८४७३४५१०७ र ९८५११२२९९४ मा सोझै सम्पर्क गर्न सकिने व्यहोरा समेत सबैमा जानकारी गराईन्छ । साथै नयाँ वर्ष २०७९ सालको अवसरमा सम्पूर्ण नेपाली दाजु भाई दिदी बहिनीहरुमा हार्दिक सुभकामना व्यक्त गर्न चाहन्छौ ।

Ramendra

............................

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

मेरो लगानी, मेरो भविष्य